जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।।-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
वि. महोत्तरी हु.द.नं. ४/०८०/८१

सबै क्षेत्रको प्रवर्द्धनको गुरु

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

बर्ष १३ • अंक १० • २०८२ कार्तिक १६ गते आईतवार • 2 Nov. 2025 • पृष्ठ ४ • मुल्य रु.५/-




# तुलसी र दामोदरको विवाह गरी हरि बोधिनी एकादशी पर्व मनाईयो

**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, १५ कार्तिक**

वैदिक सनातन हिन्दु धर्मावलम्बीले भगवान् विष्णुको प्रतीकका रूपमा तुलसीको दामोदरसँग विवाह र विशेष पूजा गर्दैछन् । प्रत्येक वर्ष कात्तिक शुक्ल एकादशीका दिनमा मनाइने हरि बोधिनी एकादशी पर्व आज तुलसी र दामोदरको विवाह गरी मनाउन लागिएको हो।

आसार शुक्ल एकादशी अर्थात् हरि शयनी एकादशीका दिनमा क्षीरसागरमा सुतेका विष्णु ब्युँतिने भएकाले आजको एकादशीलाई हरिबोधिनी वा प्रवोधिनी एकादशी पनि भनिन्छ। हरि शयनीदेखि हरि बोधिनी एकादशीका दिनसम्म चार महिना विष्णुका भक्तले तुलसीको व्रत गरी विशेष पूजा गर्दछन् । विष्णु क्षिर सागरमा सुतेकाले यी चार महिना विवाह ब्रतवन्धजस्ता माङ्गलिककार्य नगरिने परम्परा छ। यस समयमा खोला, नदी नालामा बाढी पहिरो आउने र सर्पजस्ता जीवको भयका कारण यात्रा नगर्नु शुभ मानिन्छ।

हरिशयनी एकादशीका दिन घरघरमा रोपेर विशेष पूजा गरिएको तुलसीको मठमा गाईको गोबर र रातो माटोले पोतेर सिँगारी फूल मालाले सजाएर विवाह गरिन्छ। तुलसी विष्णुप्रिया भएकाले यस दिन तुलसीको दामोदरसँग विवाह गर्ने परम्परा बसेको हो। तुलसीको मठ नजिकै विष्णुको प्रतीकका रूपमा निगालाको लिङ्ग गाडेर विधिपूर्वक पूजा गरिन्छ। कात्तिक महिनाभर सबै देवदेवी तुलसीमै निवास गर्छन् भन्ने धार्मिक विश्वास छ । हरिशयनी



एकादशीदेखि पूजा गरिएको तुलसीको उद्यापन अग्निस्थापना विधिबाट विशेष पूजा र हवनसहित गरिन्छ। आजदेखि मार्गशीर्ष कृष्ण पञ्चमीसम्म अग्निस्थापना नजुरेका दिनपनि अग्निस्थापना विधिबाट विशेष पूजा र हवन गर्न सकिने शास्त्रीय वचन रहेको धर्मशास्त्रविद् प्रा तोयराज नेपालले बताए । आदिकालदेखि पूजाको परम्परा बसेको तुलसीको महिमा वैज्ञानिकरूपमा पनि लाभदायक प्रमाणित भएको छ। यसैले तुलसीको मठ हुने घरलाई तीर्थ समान मानिन्छ । तुलसीको सुगन्धले दश दिशा पवित्र हुन्छ भनिन्छ। तुलसीको पूजा गरिएको घरमा यमदूत पनि पस्दैनन् भन्ने आस्थाका कारण हिन्दु धर्मावलम्बीले घरमा तुलसीको मठ बनाउँछन्। तुलसीको पात, डाँठ, वा फूलको रस रुघाखोकी र औलो लगायत रोगका लागि औषधि हुन्छ। यो रस शरीरमा लगाएर सुतेमा लामखुट्टेले टोक्दैन । तुलसीको मठ भएको स्थल वरपर विषालु सर्प पनि आउँदैन। मठको वरपर वहने हावाले विषालु कीटाणुलाई नष्ट गर्दछ। शरद ऋतुभर सबै प्राणीका लागि तुलसीलाई महा औषधि मानिन्छ। तुलसीबाट बनेको चिया मानव शरीरमा रोग प्रतिरोधी क्षमता वृद्धि गर्न उपयुक्त मानिन्छ। कात्तिक महिनामा तुलसीको माला लगाउँदा र एक लाख तुलसीपत्र विष्णुलाई अर्पण गर्दा मनोकांक्षा पूरा हुन्छ भन्ने विश्वास छ। गरुड पुराणमा उल्लेख भएअनुसार यस महिनामा एउटा तुलसीपत्र भगवान् विष्णुलाई अर्पण गर्दा १० हजार गाई दान गरे बराबरको फल मिल्दछ । आजका दिन भगवान् विष्णुको मूर्तिलाई रथमा राखी यात्रा गराउने प्रचलन पनि छ। रात्रिमा "गोविन्द उठ्नुस् तपाईं सुते जगत् सुत्छ, तपाईं उठे जगत् उठ्छ" भन्दै शङ्ख, घन्ट र ढोल बजाएर विष्णुलाई जगाउने गरिन्छ। यसको प्रतीकका रूपमा मानवका पाँच ज्ञानेन्द्रिय र पाँच कर्मेन्द्रिय एवम् मन गरी एघार वटालाई जित्न उपयोग गरिने शास्त्रीय मान्यता छ। किसानले उखुको बोट मठमा गाड्छन्। आजको दिन अन्न खान नहुने भएकाले सखरखन्ड, पिँडालु र वनतरुल उसिनेर फलाहार गरिन्छ। यसरी व्रत गरेमा पापको नाश भई पुण्य वृद्धि हुने र मोक्ष प्राप्ति हुन्छ भन्ने धार्मिक विश्वास छ । ठूलो एकादशी पनि भनिने आजको एकादशी व्रतले हजार अश्वमेध यज्ञ तथा राजसूय यज्ञ गरे बराबरको फल पाइने शास्त्रीय मान्यता छ । कात्तिक महिनामा भगवान् विष्णुलाई भक्तिपूर्वक सम्झी गरिएको स्नान, दान, जप र होमले फल पाइने एवम् सय जन्मका पापबाट मुक्ति मिल्ने प्रसङ्ग विभिन्न ग्रन्थमा वर्णन गरिएको छ।

# बर्दिबासमा निर्माण भइरहेको 'हाम्रो मायाको घर' अन्तिम चरणमा

**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, १५ कार्तिक**

सडकमा बसोबास गर्ने असहाय बालबालिका, परित्यक्त वृद्धवृद्धा र मानसिक स्वास्थ्य समस्याबाट पीडित व्यक्तिहरूका लागि बर्दिबासमा निर्माण भइरहेको 'हाम्रो मायाको घर' अब अन्तिम चरणमा पुगेको छ।

निर्माण कार्य करिब ९० प्रतिशत सम्पन्न भएको निर्माण समिति अध्यक्ष शम्भु भट्टराईले जानकारी दिए। बर्दिबास-२ स्थित हङ्कडाँडा नजिक निर्माण भइरहेको यो परियोजना मानवता, करुणा र सह-अस्तित्वको भावनामा आधारित सामाजिक सेवा कार्यका रूपमा अघि बढाइएको हो । अध्यक्ष भट्टराईका




अनुसार हालसम्म भवन र क्यान्टिन गरी दुईवटा संरचना लगभग तयार भइसकेका छन् । 'अब अन्तिम चरणका केही काम मात्र बाँकी छन्,' उनले भने, 'निर्माण पूरा गर्न अझ करिब एक करोड रुपैयाँ आवश्यक छ।' 'हाम्रो मायाको घर' निर्माणका लागि बर्दिबासका १५ जना स्थानीय दाताहरूले करिब डेढ करोड रुपैयाँ मूल्य बराबरको साढे पाँच कठ्ठा जग्गा दान गरेका थिए। त्यसपछि भागवत मञ्जरी राधिका दासीको प्रेरणामा आयोजना गरिएको महायज्ञबाट करिब १ करोड ८२ लाख ४२ हजार संकलन भएको थियो।

यस्तै, विभिन्न संघसंस्था र स्थानीय निकायले पनि सहयोग जुटाएपछि भवन निर्माणको कार्य तीव्र रूपमा अघि बढाइएको हो। अध्यक्ष भट्टराईका अनुसार हालसम्म भवन निर्माण र थप जग्गा खरिदमा १ करोड १८ लाख ९ हजार खर्च भइसकेको छ भने करिब १० लाख मौज्दात रकम रहेको छ। बाँकी ८० लाख रुपैयाँ जति बक्यौता उठ्न बाँकी रहेको उनले जानकारी दिए। 'केही मौज्दात रकम छ। बाँकी बक्यौता उठेपछि खर्चको अभाव हुने छैन,' उनले थपे । 'हाम्रो मायाको घर' को शिलान्यास २०८१ साल साउनमा तत्कालीन मुख्यमन्त्री सतिश कुमार सिंहले गरेका थिए।

GALAXY SCHOOL/COLLEGE
Bajrang Chowk, Janakpurdham-8
041-524969/9854028024
NEB AFFILIATED
Admission Open ! +2
- SCIENCE
- MANAGEMENT
- EDUCATION
- LAW with Computer
Super 81 Scholarship Scheme

33 Years of Academic Excellence

GYAN GANGA INT'L PUBLIC SCHOOL
Janakpurdham-12,Airport Road,Dhanusha
Contact : 9844027971,9824877627
Class- PG to Class-X


Our Features
* Highly Experienced Teachers' Team.
* Result Oriented Learning Pattern.
* Day Boarders & Healthy Hostel Facility.
* Special Class for Weak Students.
* Robotic & Computer Class Facilities from Grade-1.
* Cricket,Classical Dance,Singing, and others Friday Contest Facilities.
* Monitoring by CC Tv. * Transport Facility.


स्वदेशी वस्तुको प्रयोग गरौं ।

**सार्वजनिक निकायमा स्वदेशी वस्तुको प्रयोसम्बन्धी निर्देशिका, २०८१ मा-**
- सार्वजनिक निकायले कुनै बस्तु वा सेवा खरिद गर्दा स्वदेशी बस्तु तथा सेवा खरिद गर्नुपर्ने,
- त्यस्तो बस्तु वा सेवा उत्पादन गर्ने उत्पादकले थोक तथा बिक्री मुल्य प्रकाशन गर्नुपर्ने,
- सार्वजनिक निकायमा कार्यरत कर्मचारी तथा पदाधिकारीले उपलब्ध भए सम्म स्वदेशी उद्योगबाट निर्मित पोसाक प्रयोग गर्नुपर्ने,
- सार्वजनिक निकायबाट आयोजना हुने कार्यक्रम, गोष्ठि र सेमिनारमा स्वदेशी वस्तुको प्रयोग गर्ने, व्यवस्था छ ।

**स्वदेशी वस्तुको प्रयोगबाट स्वदेशी उद्योगको संरक्षण हुन्छ**
**उक्त व्यवस्थाको पालना गरौं र गराऔं ।**

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक
www.jaleshwortoday.com
जलेश्वर टुडे
Jaleshwor Today National Daily
एक कदम अगाडि



## सम्पादकीय......................

## कृषि क्षेत्रमा नयाँ वातावरण सृजना गर्न जरुरी

कृषि उत्पादन वृद्धि गर्न मल, जल र श्रमका साथै उन्नत बिउ, उपकरण र सिप आवश्यक तत्व रहेको छ । हाम्रोमा मल र जलको ठुलो समस्या रहेको देखिन्छ । किसानले परम्परागत किसिमले पशु, स्याउला, पातकर आदिबाट प्राङ्गारिक मल बनाउन छोडिसके, सबै आधुनिक रासायनिक मल प्रयोग गर्न सजिलो मान्छ । ट्र्याक्टरले जोत्न खोज्छ । मल र ट्र्याक्टरको मूल्यवृद्धिले उत्पादनको ५० प्रतिशतभन्दा बढी यसैमा जान्छ । जनश्रमको ज्याला पनि त्यत्ति नै बढेको देखिन्छ । सबै मौसममा सबै ठाउँमा नहरको पानी पुग्दैन । पम्पसेटबाट तान्नु पर्छ । बिजुली र तेलको पनि मूल्यवृद्धि भइरहन्छ । औषधी नभई फर्सी पनि फल्दैन । वातावरण खराब हुदै गरेको देखिन्छ ।

यो सबैको मूल्य चुकाउँदा किसानलाई के बाँकी रहन्छ, किसानले दैनिकी चलाउने अनि, यस्तो घाटा लाग्ने व्यवसाय कसले गर्ने ? किन गर्ने ? आजभन्दा २५ वर्षअघि अन्नको मूल्य र ट्र्याक्टरको भाडा कति थियो, अहिले कति भएको छ । मल, ट्र्याक्टर, भाडा, मजदुरी र अन्नको मूल्य कति कति प्रतिशत बढेको छ । यसको तुलनात्मक अध्ययन चाहिन्छ कि चाहिँदैन ? सरकारले कुन क्षेत्रमा के कस्तो सहयोग गर्नु पर्छ र कृषि पेसा आकर्षक बनाउन सकिन्छ भन्ने विषयमा अध्ययन अनुसन्धान कसले गर्ने हो ? कृषि विशेषज्ञ र कृषि विकास कार्यालय गाढा निद्रामा रहेको देखिन्छ । कृषि र कृषि व्यवसायको उत्थान गर्ने नयां वातावरण सृजना गर्नु आजको आवश्वकता रहेको देखिन्छ ।

# 'सामा-चकेवा मूर्तिकला निर्माण कार्यशाला' संयुक्त रुपमा शुरू

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, १५ कार्तिक**



'सामा-चकेवा मूर्तिकला निर्माण कार्यशाला' नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान तथा मैथिली विकास कोष जनकपुरधामद्वारा संयुक्त रुपमा शुरू गरिएको छ ।

उक्त कार्यशालामा सामा-चकेवा पर्वको सांस्कृतिक महत्व, कलात्मक पक्ष र नयाँ पुस्तालाई परम्परागत कला र संस्कृति विषयमा छलफलका संगै सामाचकेवा बनाउने कलात्मक विधिबारे अभ्यास गराइने छ । कार्यक्रममा माइकल हट्टले मिथिलाको संस्कृति र सामा-चकेवा पर्वले सामाजिक तथा आर्थिक सम्बन्ध सुदृढ बनाउने उल्लेख गरे । उनले यस परम्परालाई अन्तर्राष्ट्रिय स्तरमा चिनाउन सकिने सम्भावनासमेत रहेको बताए । स्थानीय कलाकारहरूका सीप र सिर्जनशीलतालाई विश्वस्तरमा प्रवर्द्धन गर्न अध्ययन र अभिलेखीकरण आवश्यक रहेको पनि उनले धारणा राखे ।

कोषका अध्यक्ष जीवनाथ चौधरीले सामा-चकेवा हाम्रो मिथिलाञ्चलको सांस्कृतिक सम्पदा रहेको बताए । उनले दिदीबहिनी- दाजुभाइबीचको स्नेह, प्रेम, आत्मीयताको सन्देश निहित रहेको उल्लेख गरे । कार्यक्रममा अन्य वक्ताहरूले सामा-चकेवा पर्वमा बनाइने माटाका मूर्तिहरू मिथिलाको कलात्मकता र भावनात्मक सम्बन्धको प्रतीक भएको उल्लेख गर्दै कार्यशालाले परम्परागत ज्ञान संरक्षणमा महत्वपूर्ण योगदान पुऱ्याउने विश्वास व्यक्त गरे । मैथिली विकास कोषका अनुसार आगामी दिनहरूमा पनि यस्ता कला-संस्कृति केन्द्रित कार्यशालाहरूलाई विद्यालय र समुदाय स्तरमा विस्तार गर्ने योजना रहेको छ ।

# प्रहरी दमनको विरोध गर्दै चरणबद्ध आन्दोलनको घोषणा



**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, १५ कार्तिक**

जनकपुरधाम उद्योग वाणिज्य संघले आफ्ना अध्यक्षमाथि भएको प्रहरी दमनको विरोध गर्दै चरणबद्ध आन्दोलन घोषणा गरेको छ । संघका महासचिव फुलदेव पण्डितद्वारा शुक्रबार जारी गरिएको विज्ञप्ती अनुसार प्रहरीको मनोमानी र घटनाको निष्पक्ष छानबिन नहुँदा संघ बाध्य भएर आन्दोलनमा उत्रनुपरेको हो ।

विज्ञप्तीमा उल्लेख भए अनुसार गत असोज ३१ गते जनकपुरधामको सुनचाँदी बजार क्षेत्रमा भएको घटनामा संघका अध्यक्ष सुरेन्द्र कुमार भण्डारीमाथि प्रहरी नायव उपरीक्षक गणेशबहादुर बम र घुमुवा प्रहरी सहायक निरीक्षक मनोज कुमार यादवको नेतृत्वमा दमन गरिएको बताइएको छ । उक्त घटनामा भण्डारीलाई लाठी र बुटले समेत प्रहार गरी टाउको फुटाउनेसम्मको हिंसात्मक व्यवहार गरिएको संघले जनाएको छ ।

संघका महासचिव पण्डितका अनुसार उक्त घटनाको सम्बन्धमा संघले कार्तिक १ गते प्रमुख जिल्ला अधिकारी र मधेश प्रदेश प्रहरी नायव महानिरीक्षकलाई ज्ञापनपत्र बुझाउँदै दोषी प्रहरी अधिकारीमाथि कारबाहीको माग गरेको थियो । ज्ञापनपत्रमा चार बुँदे मागसमेत प्रस्तुत गरिएको भए पनि अहिलेसम्म कुनै कार्यान्वयन नभएको संघको आरोप छ ।


## तपाईंको घर गाउँ बाढी, पहिरो वा डुबानको जोखिममा छ?

### पुर्वतयारीका लागि गरौं यी ५ काम

१ नदीको जलसतहले सतर्कता तह पार गरेका केही म्यासेज पो आयो कि बेला बेला मोबाइलमा चेक गर्नुहोस्, स्थानीय रेडियोका समाचार पनि बेला बेला सुन्नुहोस्

२ सुरक्षित स्थानतिर जान भनिएको छ भने सूचनामा भनिए जस्तै सुरक्षित स्थान तिर जानुहोस् ।



३ मोबाइलमा ब्याट्री र ब्यालेन्स छ छैन चेक गर्नुस् । यस्तो बेला अनावश्यक, तथा लामो कुराकानी नगर्नुहोस् · ब्याट्री बचाएर, ब्यालेन्स हालेर मोबाइल आफैंसँग राख्नुहोस् ।

४ मोबाइलमा अत्यावश्यक फोन नम्बरहरु सेभ गरेर राख्नुहोस् ।· जस्तो कि बाढीबारे बुझ्न ११५५, मद्दतको लागि ११४९, प्रहरी डाक्न १०० र स्वास्थ्य समस्या भए १११५ र ११३३



५ अत्यावश्यक कागजातहरु जस्तो कि नागरिकता, लालपूर्जा, जन्मदर्ता, विवाहदर्ता, राहदानी, शैक्षिक प्रमाणपत्रहरु साथै गरगहना र नगद, साथै अत्यावश्यक औषधि, टर्चलाईट, पानी, तयारी खाजा जस्ता सामानहरु एउटा झटपट झोलामा सुरक्षित राख्नुहोस र सुरक्षित स्थान तिर जाँदा संगै लानुहोस ।

अनुरोधकर्ता
महोत्तरी गाउँपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश


## तपाईको टुडे

मेष: पढाईमा ध्यान दिनुपर्ने
वृष: विचार गरेर बोल्नुहोला
मिथून: पिछडेको साथी मिल्ने
कर्कट: मनमा पछुतो आउने
सिंह: आम्दानी हुने
कन्या: अनावश्यक चिन्ता
तुला: अशुभ समाचार प्राप्त हुने
वृश्चिक: मित्रतामा फाटो आउने
धनु: अनावश्यक खर्चको संभावना
मकर: लामो यात्राको योग छ
कूम्भ: खानपानमा समस्या आउने
मीन: शुभ कार्यको शुरुवात


## मधेश प्रदेशको गौरव


श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।




आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा


## आवश्यक टेलिफोन नम्बरहरु





### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : नि:शुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

# बेलायती राजकुमार एन्ड्रुको उपाधि खोसियो, दुई छोरीको यथावत्

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, १५ कार्तिक**

बेलायतका राजकुमार एन्ड्रुको आफ्नो 'राजकुमार' उपाधि खोसिएको छ।

बकिङ्घम प्यालेसले बिहीबार बेलुका एक विज्ञप्ति जारी गर्दै राजा चार्ल्सका भाइ अब एन्ड्रु माउन्टब्याटन विन्ड्जर नामले मात्रै चिनिने जनाएको छ। एक



नाबालिगलाई यौन व्यवसायमा लगाउन खोजेको आरोपमा दोषी ठहर भएका जेफ्री एप्स्टीनसँग घनिष्ठता भएको देखिएपछि छानबिनमा परेका उनले राजकीय आवास 'रोयल लज' पनि छाड्नुपर्ने भएको छ। उनको निजी जीवनबारे अनेकौं प्रश्न उठेपछि एन्ड्रुले 'ड्यूक अफ योर्क'सहितका अन्य राजकीय उपाधिहरू यसअघि नै परित्याग गरेका थिए।

यही महिनाको आरम्भमा प्रकाशित संस्मरणमूलक पुस्तकमा भर्जिनिया जूफ्रेले आफूले किशोरावस्थामा राजकुमार एन्ड्रुसँग तीन पटक यौन सम्बन्ध राखेको दाबी दोहोर्याए।

# नागरिक बचत तथा ऋण सहकारीको १५औं साधारणसभा सम्पन्न

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, १५ कार्तिक**



जनकपुर-४ स्थित नागरिक बचत तथा ऋण सहकारी संस्था लि. को १५औं वार्षिक साधारणसभा शनिबार सम्पन्न भएको छ। साधारणसभाको उद्घाटन गर्दै प्रमुख अतिथि ब्रम्हदेव यादवले संस्थालाई अगाडि बढाउनमा सदस्यहरुको सहयोग आवश्यक रहेको बताए। सदस्यहरुको सामूहिक प्रयासको प्रतिफल नै हो, उनले भने- संस्था सफलतापूर्वक अघि बढेको छ। यसलाई निरन्तरता दिँदै संस्थाको विकास गर्नुपर्नेमा उनको जोड थियो।

नवलकिशोर यादवको अध्यक्षतामा सम्पन्न साधारणसभामा वक्ताहरुले संस्थाले अझै गति लिन नसकेको बताउँदै यसतर्फ ध्यान दिनुपर्नेमा जोड दिए। उपाध्यक्ष काशिप्रसाद यादवले संस्थामा पारदर्शीता र निश्पक्षता कायम गर्न सदस्यहरुलाई आ आफ्नो गुनासो समस्या निर्धक्क रुपमा राख्नका लागि आग्रह गरे। सदस्यहरुको मनमा लागेको विषय निर्धक्क रुपमा राख्न सके संस्थामा थप पारदर्शीता कायम हुने धारणा उनको थियो। लेखा समिति संयोजक श्यामकिशोर यादवले संस्थाले हालसम्म गरेको प्रगतिबारे प्रकाश पारेका थिए। सदस्य बरुण यादवले संस्थालाई अगाडि बढाउन सदस्यहरुले कम्तीमा एक जनाले एक सदस्य थप गर्नुपर्ने धारणा राखे। यसका लागि सदस्यहरुले थप सक्रियता देखाउनुपर्ने धारणा उनको थियो। जनकपुरमै संचालनमा रहेको अधिकांश सहकारी परिवारमै सीमित रहेको अवस्था छ, उनले भने- नागरिक सहकारी सबैको साझा र पारदर्शी छ। शुभकामना मन्तव्य राख्दै शेयरधनी छेवी मण्डले सहकारीको बचत संकलनमा जोड दिए।

सहकारीको रिढ भनेको बचत संकलन रहेकाले यसतर्फ ध्यान दिन आवश्यक रहेको उनले बताए। संस्थाका व्यवस्थापक रामेश्वर यादवले आर्थिक वर्ष २०८१।०८२ को आयव्यय विवरण प्रस्तुत गर्दै तीन करोड २८ लाख ६० हजार पाँच सय ३३ रुपैयाँ बचत संकलन भएको बताए। सो अवधिमा चार करोड ६५ लाख २० हजार चार सय ७२ रुपैयाँ ऋण प्रवाह भएको व्यवस्थापक यादवले बताए।

संस्थामा १ सय २ जना महिलासहित २ सय ३६ जना सदस्यमध्ये ऋणीको संख्या ८१ रहेको छ। साधारणसभामा नियमित बचतकर्ता दिगम्बरप्रसाद यादव र चित्रलेखा कुमारी राउत, नियमित ऋण चुक्ता गर्ने देवकी देवी यादव, अनितादेवी मण्डल, चन्द्रकुमारी राउत, बबितादेवी यादव, ममता कुमारी लगायतलाई सम्मान गरिएको थियो।




# अभिनेता धर्मेन्द्र अस्पताल भर्ना

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, १५ कार्तिक**

बलिउडका दिग्गज अभिनेता धर्मेन्द्रलाई स्वास्थ्यमा अचानक समस्या आएपछि शुक्रबार मुम्बईको ब्रीच क्यान्डी अस्पतालमा भर्ना गरिएको छ। उनलाई नियमित स्वास्थ्य जाँचका लागि अस्पताल लगिएको भए पनि चिकित्सकहरूको सल्लाहमा केही समय निगरानीमा राखिएको हो।



आगामी डिसेम्बर ८ मा ९० वर्ष पुग्न लागेका धर्मेन्द्रले उमेरका कारण सामान्य कमजोरी र हल्का ज्वरोको गुनासो गरेका थिए। यद्यपि, उनको परिवारका नजिकका स्रोतहरूले उनको अवस्था हाल स्थिर रहेको र चिन्ता गर्नुपर्ने कुनै अवस्था नरहेको जानकारी दिएका छन्। उनीहरूले प्रशंसकहरूलाई कुनै पनि हल्लामा विश्वास नगर्न अनुरोध गरेका छन्। आफ्नो लामो करियरमा स्वास्थ्य सम्बन्धी चुनौतीहरूको सामना गरे पनि, धर्मेन्द्रलाई बलिउडका सबैभन्दा सक्रिय वरिष्ठ कलाकारहरूमध्ये गनिन्छ। हालै उनको आगामी फिल्म 'इक्कीस' को ट्रेलर पनि सार्वजनिक भएको थियो। धर्मेन्द्रको परिवारले उनी चाँडै स्वस्थ भएर फर्किने विश्वास व्यक्त गरेको छ। उनको शीघ्र स्वास्थ्य लाभको कामना गर्दै फ्यानहरूले सामाजिक सञ्जालमा प्रार्थना गरिरहेका छन्।

# दलित समाज उत्थान समितिको २४औं साधारण सभा भव्यताका साथ सम्पन्न

**आरजे इर्शाद शेख**
**महोत्तरी, १५ कार्तिक**

दलित समाज उत्थान समिति, नेपालद्वारा आयोजित २४औं साधारण सभा शुक्रबार महोत्तरीको जलेश्वर स्थित आर.एस. थकाली होटलमा भव्यताका साथ सम्पन्न भएको छ।



संस्थाको आर्थिक, सामाजिक तथा कार्यक्रमगत गतिविधिको समीक्षा, प्रतिवेदन प्रस्तुतिकरण र आगामी वर्षका योजनाको निर्धारण गर्ने उद्देश्यसहित सभा सम्पन्न गरिएको हो। सभामा आर्थिक वर्ष २०८१/०८२ मा सञ्चालन भएका कार्यक्रमहरूको प्रगति प्रतिवेदन, आर्थिक प्रतिवेदन तथा लेखा विवरण प्रस्तुत गरिएको थियो। साथै, सांस्कृतिक प्रस्तुति, लाभग्राहीहरूको अनुभव साझेदारी तथा सम्मान कार्यक्रमसमेत सम्पन्न गरियो। प्रतिवेदनका अनुसार समितिले मधेश प्रदेशका आठ जिल्लामा बालसुरक्षा, शिक्षा, स्वास्थ्य, महिला सशक्तिकरण तथा समुदायिक विकासका कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन गरेको जनाएको छ। बाल प्रायोजन कार्यक्रममार्फत बालबालिकाको शिक्षा, स्वास्थ्य र संरक्षणमा उल्लेखनीय सुधार भएको तथा स्थानीय तह र सरोकारवालासँग सहकार्यमा सचेतना, तालिम र क्षमता विकासका कार्यक्रम सञ्चालन गरिएको बताइएको छ। कार्यक्रमका क्रममा संस्थाको दीर्घकालीन योगदान र समर्पणको मूल्याङ्कन गर्दै प्रमुख अतिथि नन्दु महरा, संस्थापक अध्यक्ष सुनिल ठाकुर, डेजी पाण्डे, कार्यकारी निर्देशक पुनित कुमार चौधरी, कार्यक्रम संयोजक उतिम चन्द्र चौधरी तथा रेडियो अप्पन मिथिलाका पत्रकार आरजे इर्शाद शेख लगायत करिब दुई दर्जन व्यक्तिहरूलाई सम्मान प्रदान गरिएको थियो। सभामा उपस्थित अतिथिहरूले समितिको पारदर्शी कार्यशैली, सामाजिक दायित्वप्रति समर्पण र समुदायस्तरमा प्रभावकारी कार्यक्रम सञ्चालनको प्रशंसा गर्नुभयो। लाभग्राहीहरूले पनि बालबालिकाको जीवनस्तरमा आएको सुधार र समुदायमा देखिएको सकारात्मक परिवर्तनबारे आफ्ना अनुभव साझा गरे। कार्यक्रमको अन्त्यमा अध्यक्ष डेजी पाण्डेले सबै अतिथि, साझेदार संस्था, कर्मचारी, समाजसेवी र बाल क्लबका प्रतिनिधिहरूलाई धन्यवाद ज्ञापन गर्दै आगामी वर्ष अझ प्रभावकारी रूपमा समुदायमै केन्द्रित कार्यक्रम सञ्चालन गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो। कार्यक्रमको अध्यक्षता डेजी पाण्डेले गर्नुभएको थियो। सभाका प्रमुख अतिथि जिल्ला समन्वय समिति, महोत्तरीका उप-प्रमुख नन्दु महरा, विशिष्ट अतिथि संस्थापक अध्यक्ष सुनिल ठाकुर तथा विशेष अतिथि एकडारा गाउँपालिकाका अध्यक्ष दीप नारायण मण्डल हुनुहुन्थ्यो। कार्यक्रममा कार्यसमिति सदस्य, समाजसेवी, परियोजनासँग सम्बन्धित कर्मचारी, पत्रकार तथा बाल क्लबका प्रतिनिधिहरूको उल्लेखनीय सहभागिता रहेको थियो।



# नेपाल कम्युनिष्ट पार्टीको ऐतिहासिक विकास क्रम, वाम एकता र आजको आवश्यकता



-प्रेमचन्द्र झा

-नेपालमा कम्युनिष्ट आन्दोलनको सुरुवात सन् १९४९ ( २००६ साल) मा भएको हो। यसको संस्थापक महासचिव कमरेड पुष्पलाल श्रेष्ठ थिए। नेपालमा राणा शासनको निरंकुशताको विरुद्धमा उठेका विभिन्न राजनीतिक धारहरूमध्ये कम्युनिष्ट विचारधाराले नेपाली समाजमा महत्वपूर्ण प्रभाव पार्न थालेको थियो । २००६ साल वैशाख १० गते, भारतको कलकत्ताको श्यामबजारमा नेपाल कम्युनिष्ट पार्टीको स्थापना गरियो। यो पार्टीले पहिलो पटक नेपाली जनताका पक्षमा वैज्ञानिक समाजवाद, वर्गीय संघर्ष र सामाजिक न्यायको अवधारणा ल्यायो। २०१० सालमा पहिलो महाधिवेशनमा मनमोहन अधिकारी महासचिव बने। २०१४ सालमा दोस्रो महाधिवेशन पनि मनमोहनकै नेतृत्वमा भयो। २०१७ सालमा केशरजंग रायमाझीले राजा महेन्द्रको 'शाही' कूको समर्थन गरेपछि पार्टीमा ठूलो विभाजन आयो ।

२०२८ सालमा झापा विद्रोह भयो, जसलाई मालेले नेतृत्व गऱ्यो। यो सशस्त्र संघर्ष थियो र यसले पार्टीलाई विद्रोही धारतर्फ मोड्यो । कमरेड सीपी मैनाली मालेका महासचिव बने। त्यसपछिका वर्षहरूमा निरन्तर विभाजन र समूहहरूको निर्माण भयो। पुष्पलाल समूह, चाउम, मसाल, मार्क्सवादी, मसाल-मशाल जस्ता दर्जनौं उपसमूहहरू बन्न थाले। नारायणमान विजुक्छेले नेमकिपा गठन गरे । २०३५ मा माले फेरि पुनर्गठित भयो । २०४६ सालमा प्रजातान्त्रिक आन्दोलनमा वामपन्थी दलहरू अग्रपंक्तिमा थिए। २०४७ मा माले र मार्क्सवादी एकीकृत भई नेकपा ( एमाले) बने। यही वर्ष मसालबाट बाबुराम भट्टराई, रूपलाल विश्वकर्मा, चाउम मिलेर एकता केन्द्र गठन भयो। २०५२ साल फागुन १ गते माओवादी जनयुद्ध सुरू भयो, जसले नेपालमा राज्य सत्ता नै हल्लाइदियो। २०५४ मा एमालेबाट वामदेव गौतम अलग भई माले गठन गरे, तर पछि २०५८ मा पुनः एकता भयो ।

२०६५ मा माओवादी र एकता केन्द्र मिलेर नयाँ माओवादी पार्टी बने। २०७० मा वैद्य समूह विभाजित भई नेत्र विक्रम चन्द ( विप्लव) नेतृत्वमा नयाँ पार्टी गठन गरियो। २०७४ सालमा एमाले र माओवादी केन्द्रबीच सातबुँदे सहमति भयो र २०७५ साल जेठ ३ गते नेपाल कम्युनिष्ट पार्टी (नेकपा) गठन भयो। २०७७ फागुन २३ गते नेकपा विघटन भयो र एमाले र माओवादी केन्द्र अलग-अलग भए। २०७८ भदौ ९ गते माधवकुमार नेपाल नेतृत्वमा नेकपा (एकीकृत समाजवादी) गठन भयो। नेपालको कम्युनिष्ट आन्दोलनले देशको राजनीति परिवर्तनमा ऐतिहासिक भूमिका निर्वाह गरेको छ। तर, विडम्बना यो थियो कि यो आन्दोलनले एकताको नाममा धेरै पटक विघटन, विभाजन, पुनर्गठन र पुनः एकताको चक्र पूरा गर्‍यो। एकता भएका बेला साझा विचारधारा– मार्क्सवाद, लेनिनवाद र माओवादी सिद्धान्तलाई जग बनाएर पार्टीहरू एक भएका थिए। जनयुद्ध, जनआन्दोलन र राजनीतिक संघर्षको साझा पृष्ठभूमिले उनीहरूलाई एक ठाउँमा ल्यायो। लोकतन्त्रपछिको शक्ति सन्तुलन र संसदीय बहुमत प्राप्त गर्ने लालसाले पनि पार्टीहरूलाई नजिक ल्यायो । तर, व्यक्तिगत अहंकार नेता नेता बिचको लडाइँ, गुटबन्दी, र आन्तरिक लोकतन्त्रको अभावले गर्दा ती एकता लामो समय टिक्न सकेनन् । सशस्त्र संघर्ष भर्सेज संसदीय मार्ग, संविधानप्रति दृष्टिकोण, शान्ति प्रक्रिया आदिमा देखिएका मतभेदले एकताको जग कमजोर भयो। सत्ताको लालच, प्रधानमन्त्री बन्ने-बनाउने झगडाले गर्दा विचारभन्दा पदले प्राथमिकता पायो । आजको नेपालमा वामपन्थी विचारधारा कमजोर हुँदै गएको छ भन्ने गुनासाहरू बढ्दो छ। जसले गर्दा वाम एकताको आवश्यकता अझ सशक्त रूपमा महसुस गरिएको छ। बारम्बार सरकार परिवर्तन, गठबन्धन राजनीति र नीति निरन्तरताको अभावका कारण जनतामा राजनीति प्रति विश्वास घटेको छ। आर्थिक रूपमा बेरोजगारी, मुद्रास्फीति, तथा उत्पादनमुखी अर्थतन्त्रको अभावले देशलाई गम्भीर संकटतर्फ डोऱ्याइरहेको छ। जनताको बामपन्थी शक्तिप्रति पनि मोहभंग हुन थालेका छन् । यस्तो स्थितिमा वाम एकता किन आवश्यक छ? पहिलो, जनतामा नयाँ राजनीतिक विकल्पको आवश्यकता छ। जनताले पुराना पार्टीप्रति विश्वास गुमाउँदै छन् र नयाँ शक्ति खोज्दै छन्। दोस्रो, सशक्त जनप्रतिनिधित्वका लागि–विभाजित वामपन्थी दलहरू कमजोर चुनावी नतिजा ल्याइरहेका छन्, जसले प्रतिगमनकारी शक्तिहरूलाई फाइदा पुऱ्याइरहेको छ । तेस्रो, सैद्धान्तिक स्पष्टताका लागि–एउटै मंचमा बहस गरेर स्पष्ट राजनीतिक र विकासको रणनीति बनाउन सकिन्छ।

तर यस्तो वाम एकता केवल चुनावी तालमेलमा सीमित हुनु हुँदैन। दीर्घकालीन रणनीति, वैचारिक स्पष्टता र राजनीतिक प्रशिक्षण अत्यावश्यक छ। नेताहरूले सैद्धान्तिक अनुशासन पालना गर्नुपर्छ। गुटबन्दी र अवसरवादी प्रवृत्तिलाई अन्त्य गरेर, लोकतान्त्रिक मूल्य र प्रक्रियालाई अंगाल्नु आवश्यक छ। समाजको सबै वर्ग–श्रमिक, किसान, महिला, दलित, आदिवासी, युवा–को हितमा कार्यक्रम ल्याउनु आवश्यक छ। युवालाई आकर्षित गर्ने विचार, संगठन र नेतृत्व विकासको योजना आवश्यक छ । नेपालको कम्युनिष्ट आन्दोलन केवल राजनीतिक सत्ता प्राप्तिको यात्रा मात्र थिएन, यो समाज रूपान्तरणको आन्दोलन पनि थियो। वर्गीय विभेद, जातीय उत्पीडन, लैंगिक असमानता, क्षेत्रीय पछौटेपन जस्ता सामाजिक मुद्दाहरूमा वाम आन्दोलनको भूमिका निर्णायक रह्यो। यस आन्दोलनले नेपालमा वर्गीय चेतना बढायो। मजदुर, किसान, शिक्षक, स्वास्थ्यकर्मी आदिलाई संगठित गर्दै, उनीहरूका अधिकारको लागि आन्दोलन गऱ्यो। नेपाली इतिहासमा पहिलोपटक 'श्रमिकको सरकार' भन्ने भाषाशैली एमालेका सरकारहरूमार्फत परिचित भयो। न्यूनतम ज्याला वृद्धि, श्रमिक हकहितका कानुन निर्माण, ट्रेड युनियन सुदृढीकरण, कृषिमा जमिनको जोताहालाई जग्गा स्वामित्व दिलाउने नीतिहरू ल्याइए । कम्युनिष्ट आन्दोलनले जातीय पहिचानको सवाललाई राजनीतिक एजेण्डा बनायो। जनयुद्धको समयमा महिला सहभागिता लगभग ४०% भन्दा बढी थियो। थारू, मगर, लिम्बु, तामाङ, दलित समुदायहरूको राजनीतिक चेतना उच्च बन्यो। लैंगिक समानताको सवालमा महिलालाई नेतृत्वमा ल्याउने प्रयासहरू भएका थिए। उदाहरणका लागि, माओवादी आन्दोलनमा महिला कमाण्डरहरूको संख्या उल्लेखनीय थियो । १९९० को दशकमा विश्वविद्यालय, क्याम्पस र शैक्षिक क्षेत्रका युवाहरू कम्युनिष्ट विचारधाराप्रति आकर्षित भए। जनयुद्धको समयमा हजारौं शिक्षित युवाहरू ग्रामीण इलाकामा गएर 'सामाजिक रूपान्तरणको मिशन' लिए। तर, यिनै युवाहरू पछिल्ला वर्षमा राजनीतिप्रति मोहभंग भएर वैदेशिक रोजगारीतर्फ गएका छन्। त्यसैले, यो आन्दोलनको सामाजिक आधार क्रमशः कमजोर हुँदै गइरहेको देखिन्छ ।

नेपालको कम्युनिष्ट आन्दोलन केवल आन्तरिक घटनाबाट प्रभावित छैन। विश्वका प्रमुख कम्युनिष्ट आन्दोलनहरू – चीनको माओवादी क्रान्ति, सोभियत संघको बोल्शेभिक क्रान्ति, भारतको नक्सलवादी आन्दोलन – नेपालका वामपन्थीहरूमा गहिरो प्रभाव परेको छ। एमाले धारले सामूहिक नेतृत्व, संसदीय सहभागिता र उदार समाजवादी मार्ग अँगालेको छ, जसमा सोभियत शैलीको प्रभाव छ। माओवादी धारले माओको सैद्धान्तिक लाइन – सशस्त्र विद्रोह, जनसत्ता, नवजनवादी क्रान्तिलाई अपनायो। भारतमा वामपन्थी आन्दोलनसँग नेपालका वामपन्थीहरूका ऐतिहासिक सम्बन्ध छन्। चीनसँगको सम्बन्धमा, विशेषतः २०६२/६३ को आन्दोलनपछि माओवादी र चीनबीचको कूटनीतिक संवाद महत्वपूर्ण बन्यो ।

नेपालको वामपन्थी सफलताप्रति पश्चिमी मुलुकहरूले विशेष ध्यान दिएको पाइन्छ। विशेष गरी जनयुद्धको समयमा अन्तर्राष्ट्रिय शक्ति सन्तुलनमा नेपालको स्थानबारे बहस भएको थियो। अमेरिका, युरोपेली संघ लगायतका देशहरूले माओवादी आन्दोलनलाई 'आतंककारी' सूचीमा राखेका थिए, जुन पछि शान्ति प्रक्रियामा आएका कारण हटाइएको थियो। यसले देखाउँछ कि नेपालको कम्युनिष्ट आन्दोलन केवल आन्तरिक संघर्ष मात्र होइन, अन्तर्राष्ट्रिय भू-राजनीतिक समीकरणसँग पनि सम्बन्धित थियो। आजको राजनीतिक परिदृश्यमा वाम शक्तिहरू तीनदेखि चार भागमा विभाजित छन् – नेकपा (एमाले) केपी शर्मा ओलीको नेतृत्वमा, नेकपा (माओवादी केन्द्र) प्रचण्डको नेतृत्वमा, नेकपा (एकीकृत समाजवादी) माधवकुमार नेपालको नेतृत्वमा, र विप्लव नेतृत्वको नेकपा, जुन भूमिगत अवस्थाबाट बाहिर आएपनि संगठित शक्ति बन्न सकेको छैन। यी पार्टीहरूको विचार, रणनीति र कार्यशैलीमा आन्तरिक भिन्नता रहँदै आएको छ । एमालेले संसदीय समाजवाद र राष्ट्रवादलाई जोड दिएको छ, जसमा मध्यमार्गी राष्ट्रियताको स्वरूप देखिन्छ। माओवादी केन्द्रले अझै क्रान्तिकारी सुधारवाद र वर्ग संघर्षको एजेण्डा बोकेको छ, यद्यपि व्यवहारमा सत्तासँग सम्झौता गर्दै आएको छ। एकीकृत समाजवादी बहुलवादी समाजवादको धारणासहित सन्तुलनकारी भूमिका निर्वाह गर्ने प्रयासमा छ ।

यी सबैको विचमा विचारगत मतभेद, नेताहरूबीचको अविश्वास, र सांगठनिक स्वार्थले गर्दा वाम आन्दोलन कमजोर हुँदै गएको छ। यसको समाधानका लागि के गर्न सकिन्छ ? वाम एकताका लागि पहिला सैद्धान्तिक सहमति अपरिहार्य छ। सबै वाम घटकहरूले विचार, मार्ग, रणनीति र कार्यक्रमको साझा न्यूनतम दस्तावेज तयार गर्नुपर्छ। 'पुनः क्रान्ति या सुधार' भन्ने बहसको सट्टा सामाजिक न्याय, आर्थिक समानता र समावेशी विकासमा केन्द्रित दृष्टिकोण आवश्यक छ। सांगठनिक अनुशासन र आन्तरिक लोकतन्त्रको अभ्यास बलियो बनाइनुपर्छ। गुटबन्दी, अवसरवाद र नेतावादी प्रवृत्तिहरूको अन्त्य बिना जनताको विश्वास जित्न सकिन्न । जनमुखी कार्यक्रम, श्रमिक-किसान-विद्यार्थी-महिला-दलित-आदिवासीको जीवनसँग प्रत्यक्ष सम्बन्ध राख्ने नीतिहरू निर्माण गर्नुपर्छ। वाम आन्दोलनले फेरि समाजसँग प्रत्यक्ष संवाद गर्न थाल्नुपर्छ। राजनीतिक भाषाशैली, संगठनको संरचना र कार्यशैलीलाई समय सापेक्ष र जनमुखी बनाउनु आवश्यक छ।

नेपालको राजनीतिक संक्रमण अझै समाप्त भइसकेको छैन। संघीयता, गणतन्त्र, धर्मनिरपेक्षता जस्ता मुद्दाहरू कार्यान्वयनको चरणमा छन्। यस्तो अवस्थामा वाम शक्तिहरूले साझा मोर्चा बनाउन नसकेमा देश पुनः अस्थिरतातर्फ जान सक्छ। त्यसैले, वाम एकता केवल राजनीतिक गणित होइन, राष्ट्रको दीर्घकालीन स्थायित्व, विकास र जनताको विश्वास पुनःस्थापना गर्न आवश्यक ऐतिहासिक कार्यभार हो । नेपालको कम्युनिष्ट आन्दोलनले देशलाई मुलुककै आधुनिक इतिहासको आधारशिला बनाउने योगदान दिएको छ । तर आजको सन्दर्भमा यो आन्दोलन दिशाहीन देखिन थालेको छ । निरन्तरको विभाजन, सत्ता मोह, वैचारिक अस्पष्टता र जनताबाट टाढिँदै गएको व्यवहारले गर्दा आन्दोलन संकटमा छ । यस्तो अवस्थामा, वाम एकता केवल दलहरूबीचको समायोजन होइन, यो राष्ट्रको हितका लागि आवश्यक राष्ट्रिय कार्यभार हो। देशमा सामाजिक न्याय, समानता, समृद्धि र स्थायित्व ल्याउने सम्भावना अझै पनि वाम शक्तिसँग छ, तर त्यसका लागि पुनर्जागरण आवश्यक छ। संगठनलाई विचारभन्दा माथि राख्ने, सत्तालाई सिद्धान्तभन्दा अगाडि राख्ने प्रवृत्तिलाई पराजित नगरेसम्म नयाँ युगको सुरुवात सम्भव छैन । "इतिहास सधैं बलियो पक्षको साथ रहँदैन – सत्य, प्रतिबद्धता, र जनताको पक्षमा उभिन सक्नेहरू नै दीर्घकालीन विजेता बन्छन् ।"

तपाईंको घर गाउँ बाढी, पहिरो वा डुबानको जोखिममा छ?

पुर्वतयारीका लागि गरौं यी ५ काम

१ नदीको जलसतहले सतर्कता तह पार गरेका केही म्यासेज पो आयो कि बेला बेला मोबाइलमा चेक गर्नुहोस, स्थानीय रेडियोका समाचार पनि बेला बेला सुन्नुहोस.

२ सुरक्षित स्थानतिर जान भनिएको छ भने सूचनामा भनिए जस्तै सुरक्षित स्थान तिर जानुहोस् ।



३ मोबाइलमा ब्याट्री र ब्यालेन्स छ छैन चेक गर्नुस् । यस्तो बेला अनावश्यक तथा लामो कुराकानी नगर्नुहोस - ब्याट्री बचाएर ब्यालेन्स हालेर मोबाइल आफैसँग राख्नुहोस् ।

४ मोबाइलमा अत्यावश्यक फोन नम्बरहरु सेभ गरेर राख्नुहोस् ।- जस्तो कि बाढीबारे बुझ्न ११५५, मद्दतको लागि ११४९, प्रहरी डाक्न १०० र स्वास्थ्य समस्या भए १११५ र ११३३

५ अत्यावश्यक कागजातहरु जस्तो कि नागरिकता, लालपुर्जा, जन्मदर्ता, विवाहदर्ता, राहदानी, शैक्षिक प्रमाणपत्रहरु साथै गरगहना र नगद, साथै अत्यावश्यक औषधि, टर्चलाईट, पानी, तयारी खाजा जस्ता सामानहरु एउटा झटपट झोलामा सुरक्षित राख्नुहोस र सुरक्षित स्थान तिर जाँदा संगै लानुहोस ।

अनुरोधकर्ता
रामगोपालपुर नगरपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश




प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : जय दुर्गा अफसेट प्रेस, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday